मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लि.
MERO MICROFINANCE BITTIYA SANSTHA LTD.

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गका इजाजतपत्र प्राप्त संस्था (राष्ट्रिय स्तरको कार्य क्षेत्र भएको)

कर्पोरेट कार्यालय: बिदुर न.पा.-४ बट्टार, नुवाकोट, नेपाल
फोनः ९७७-१०-५६१७४७
सम्पर्क कार्यालय: ज्वागल, कुपण्डोल, ललितपुर
फोनः ९७७-०१-५५२७५७९, ५५२८१३६ फ्याक्सः ९७७-०१-५५२८१३६-११४
इमेलः meromicrofinance@gmail.com, वेवसाइटः www.meromicrofinance.com

नगद लाभाँश वितरण सम्बन्धी सूचना

मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लि. को मिति २०७५/०७/०९ गते सम्पन्न छैठौं वार्षिक साधारण सभाबाट पारित भएको ११.३२ प्रतिशत नगद लाभाँश मिति २०७५/०६/१६ गतेसम्म हितग्राही खातामा बैंक खाता अद्यावधिक गर्ने शेयरधनीहरुको बैंक खातामा नै जम्मा गरिएको र उक्त मिति पश्चात बैंक खाता अद्यावधिक गर्ने शेयरधनीहरुको हकमा समेत नगद लाभांश बैंक खातामा नै जम्मा गरिने व्यहोरा जानकारी गराउँदछौं ।

तसर्थ आफ्नो शेयर प्रमाणपत्र हालसम्म पनि अभौतिकिकरण नगर्नु भएका शेयरधनी महानुभावहरुले यथाशीघ्र आफूले डिम्याट खाता खोलेको सम्बन्धित निक्षेप सदस्य (DP) मा सम्पर्क गरी आफ्नो शेयर प्रमाणपत्र अभौतिकीकरण गरी बैंक खाता समेत अद्यावधिक गर्नु हुन अनुरोध गर्दछौं ।

मिति २०७५/०६/१६ गतेसम्ममा आफ्नो हितग्राही खातामा बैंक खाता अद्यावधिक गर्दा बैंक खाताको विवरण हुवहु नभई नगद लाभांश प्राप्त नगर्नु भएका शेयरधनीहरुको विवरण कम्पनीको शेयर रजिष्ट्रारको वेवसाइट www.globalimecapital.com मा राखिएकोले आ-आफ्नो निक्षेप सदस्य (DP) मा सम्पर्क गरी विवरण सच्याउन हुन यसै सूचना मार्फत सूचित गर्दछौं ।

बैंक खाता अद्यावधिक गर्दा ध्यान दिनुपर्ने कुराहरु:

१) बैंक खाता अद्यावधिक गर्दा नेपाल क्लियरीङ्ग हाउस अन्तर्गत IPS सदस्यता प्राप्त बैंक तथा वित्तीय संस्थाको मात्र चल्ती वा बचत खाता अद्यावधिक गरी शाखा कार्यालय समेत उल्लेख गर्नु पर्ने ।
२) बैंक खाता अद्यावधिक गर्दा सम्बन्धित हितग्राही खातावालाकै नामको बैंक खाता अद्यावधिक गर्नु पर्ने र नाबालकको हकमा नाबालककै नामको बैंक खाता अद्यावधिक गर्नु पर्ने ।
३) बैंक खाता अद्यावधिक गर्दा बैंक खाताको विवरण हुवहु उल्लेख गर्नु पर्ने ।

साथै उक्त कम्पनीको शेयर मिति २०७५/०६/१६ गतेसम्ममा धितो बन्धक राखी कर्जा लिएका शेयरधनीको नगद लाभांश सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट No Objection Letter प्राप्त भए पश्चात् मात्र बैंक खातामा जम्मा गरिने र सो मिति पश्चात् कर्जा चुक्ता भुक्तानी गर्नु भएका शेयरधनीहरुको हकमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाको फुकुवा पत्र (Release Letter) प्राप्त भए पश्चात् मात्र बैंक खातामा जम्मा गरिने व्यहोरा समेत यसै सूचना मार्फत सूचित गर्दछौं ।

शेयरधनीहरुको जानकारीका लागि IPS द्वारा सोझै बैंक खातामा नगद लाभाँश जम्मा गरि दिंदा यस कम्पनीको तर्फबाट कुनै शुल्क कटौती गरिने छैन । तर सम्बन्धित बैंकको नियम अनुसार कुनै दस्तुर लाग्ने भएमा सम्बन्धित शेयरधनीको लाभाँश रकमबाट नै काटिनेछ । यदी शेयरधनीले उपलब्ध गराएको बैंक खाताको विवरण गलत भई अरुको नाममा लाभाँश रकम जम्मा भएमा सोको जिम्मेवार स्वयम शेयरधनी हुनेछ । साथै उपलब्ध गराएको विवरण फरक परि रकमान्तरण गरेको लाभाँश रकम भुक्तानी हुन नसकी फिर्ता आएमा पुनः प्रशोधनको लागि प्रति शेयरधनी रु.५/- (पाँच) शुल्क लिइनेछ ।

द्रष्टव्यः विगतका साधारण सभाहरुबाट पारित बोनश शेयर तथा नगद लाभांश लिन बाँकी शेयरधनी महानुभावहरुले शेयर रजिष्ट्रार ग्लोवल आइएमई क्यापीटल लि.मा सम्पर्क गरी आ-आफ्नो बोनस शेयर तथा नगद लाभांश प्राप्त गर्न हुन अनुरोध गर्दछौं ।

शेयर रजिष्ट्रारः

Global IME Capital Limited
ग्लोबल आइएमई क्यापीटल लि.
GROW WITH US

पोष्ट बक्स नं. २१५९९
राष्ट्रिय नाचघर, तेश्रो तल्ला, जमल, काठमाडौं
फोन नं. ९७७-१-४२२२४६०, फ्याक्सः ९७७-१-४२२२५३४
E-mail: info@gicl.com.np
Website: www.globalimecapital.com

मिति २०७५ कार्तिक १३ गतेको कारोबार दैनिकमा प्रकाशित गर्ने ।